# मधेश प्रदेश सरकार
## भौतिक पुर्वाधार विकास मन्त्रालय
## जनकपुरधाम,धनुषा
## स्तर वृद्दिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

**सूचना प्रकाशन मितिः- २०८३/०१/१५**

प्रदेश निजामती सेवा ऐन २०७७ को दफा ४० बमोजिम मिति २०८३ साउन १ गतेदेखि लागु हुने गरी इन्जिनियरिङ्ग सेवाको सिमि ल समूहको (जनरल, हाईवे र बिल्डिङ एण्ड आर्किटेक्ट उपसमुह ) र जियोलोजी समूहका प्रदेश निजामती कर्मचारीहरुलाई अधिकृतस्तर छैठौं र अधिकृतस्तर आठौं तहमा स्तरवृद्धि को लागि योग्यता पुगेका सम्बन्धित सेवा, समूह र उपसमूह को एक तह मुनि कार्यरत कर्मचारीहरुले यस मन्त्रालयको website www.mopid.p2.gov.np मा उपलब्ध स्तरवृद्दि फारम भरी देहायको कागजात सहित यस मन्त्रालयमा ३०(तीस) दिन भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि स्तर वृद्धि समितिको मिति २०८३/०१/१४ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ ।

**देहायः**

- स्तर वृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा ३(तीन) वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजातहरु, (नियुक्ति पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपि)
- सम्बन्धित सेवा /समूहसँग सम्बन्धित विषयमा कम्तिमा ३०(तीस) कार्यदिने सेवाकालिन तालिम प्राप्त गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- पछिल्लो तीन आ.व. हरुमा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।